# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२/०४/३१

### प्रेस विज्ञप्ति

सप्तरीमा पत्रकार सौरभ यादवको हत्या गर्ने कुत्सित मनसायले छुरा प्रहार भएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

नयाँ पत्रिका दैनिकका संवाददाता यादवमाथि साउन ३० गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको मूल गेट नजिकै मोटरसाइकलमा आएका केही व्यक्तिले छुरा प्रहार गरेको महासंघ मधेस प्रदेश समितिले जनाएको छ । शरीरका विभिन्न भागमा गहिरो चोट लागेका उनको हाल अस्पतालमा उपचार भइरहेको छ । महासंघ यादवको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

पत्रकारमाथिको यो जघन्य अपराधको महासंघ घोर निन्दा र भर्त्सना गर्दछ । साथै, छुरा प्रहार गर्नेहरूलाई हालसम्म पक्राउ नगर्नु स्थानीय प्रशासनको कमजोरी हो । अतः महासंघ दोषीहरूलाई तत्काल पक्राउ गरी कडा भन्दा कडा कारबाही गर्न जोडदार माग गर्दछ ।

पत्रकार र पत्रकारिताको सुरक्षा गरी स्वतन्त्र एवं निर्भयताका साथ पेशामा लाग्ने वातावरण निर्माण गर्न पनि महासंघ सम्बद्ध निकायसँग आग्रह गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org